नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल**
प्रधान कार्यालय
(मिनाहामोजरा शाखा, हलचोक, काठमाडौं)

# पुराना जिन्सी मालसामानहरु र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/०१/२८ गते ।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय लगायत काठमाडौं उपत्यका भित्र अवस्थित सशस्त्र प्रहरी बल, नेपालका विभिन्न कार्यालयहरुमा रहेका तपसिल बमोजिमका विभिन्न पुराना जिन्सी सामानहरु र सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना जिन्सी मालसामानहरु र सवारी साधनहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रयोगमा ल्याईसकेका पुराना ब्याण्डका सामानहरु, साईकल, पुराना ब्याट्री, कम्प्युटरसंग सम्बन्धित सामानहरु, ईलेक्ट्रोनिक आदि जिन्सी सामानहरु | ६,२४,६२६/- | १०००/- | |
| २ | टाटा मोबाईल थान - २ | ४,२०,०००/- | १०००/- | नामसारी हुने |
| ३ | टाटा वान टन ट्रक थान - १<br>टाटा टु टन ट्रक थान - २ | ८,१०,०००/- | १०००/- | नामसारी हुने |
| ४ | टाटा मिनि बस थान - १<br>आईचर बस थान - १ | ३,२५,०००/- | १०००/- | नामसारी हुने |
| ५ | हिरोहोण्डा मोटरसाईकल थान - ३<br>यामाहा YD मोटरसाईकल थान - १९<br>सि.डि १०० मोटरसाईकल थान - ६ | ७१,०७५/- | ३००/- | नामसारी नहुने |

बोलपत्र फाराम श्री गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा तथा मिनाहामोजरा शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०७४/०२/१७ गते) को कार्यालय समय भित्र प्रत्येक सि.नं. को छुट्टाछुट्टै बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम २२औं दिन (मिति २०७४/०२/१८ गते) को १२:०० बजे भित्र मिनाहामोजरा शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा विदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बलको कार्यालय कोड नं. २७-३१४-५४ को कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाडौंको धरौटी खाता नं. ११००२०३ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी समानहरु तथा सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारवाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-४२८९४८१ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site: www.apf.gov.np मा समेत राखिएको छ ।